# रात्रिकालीन पर्यटन व्यवसाय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार।

## रात्रिकालीन पर्यटन व्यवसाय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
मन्त्रालयबाट स्विकृत मितिः २०७७/०८/.....

प्रस्तावना

कोरोना भाइरस (कोभिड–१९) ले विश्व अर्थतन्त्र धराशायी भएको विषम परिस्थितिमा नेपालमा रात्रिकालीन पर्यटन व्यवसाय लामो समयदेखि बन्द रहेका छन्। यसबाट ठूलो संख्यामा व्यवसायीको आम्दानी गुमेको र करिब ५० हजार कर्मचारीहरूको रोजगारी गुमेको अवस्था छ। स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै उक्त व्यवसायहरू पुनः संचालनमा ल्याउन आवश्यक भएकोले रात्रिकालीन पर्यटन व्यवसाय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ तर्जुमा गरिएको छ।

### परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस मापदण्डको नाम "रात्रिकालीन पर्यटन व्यवसाय संचालन सम्बन्धी स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७" रहेको छ।

ख) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

क) "रात्रिकालीन पर्यटन व्यवसाय" भन्नाले रात वा सांझको समयमा नेपाल सरकारबाट इजाजत लिई संचालन हुने पप, गीत संगीत, दोहोरी, डान्स बार, डिस्कोथेक, लाउन्जबार, बर्गर शप जस्ता पर्यटकहरूलाई सेवा दिने व्यवसायहरू सम्झनुपर्दछ।

ख) "कोभिड-१९" भन्नाले विश्व स्वास्थ्य संगठनले परिभाषित गरेको कोरोना भाइरसबाट सिर्जित रोगको परिभाषालाई बुझ्नुपर्दछ।

ग) "सेवाग्राही" भन्नाले मनोरञ्जनको उद्देश्य लिएर मर्यादित तथा व्यवस्थित रूपमा रात्रिकालीन पर्यटन गतिविधिमा आउने स्वदेशी तथा विदेशी नागरिकहरूलाई बुझ्नुपर्दछ।

### परिच्छेद- २
### व्यवस्थापक र कर्मचारीबिचको समन्वय

३. कर्मचारीसँग छलफल

क. व्यवसायहरू पुनःसंचालन गर्नुपूर्व व्यवस्थापक र सम्पूर्ण कर्मचारीहरूको बिचमा प्रत्यक्ष वा भर्चुअल बैठक बसी स्वास्थ्य सुरक्षा मापदण्डबारे पूर्ण जानकारी र नयाँ परिवर्तनबारे समझदारी गर्नुपर्नेछ।

ख. रात्रिकालीन व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने सम्बन्धमा कर्मचारीहरूलाई देहायका विषयमा जानकारी दिने तथा तालिम प्रदान गर्नुपर्नेछः देहाय

१. सेवाग्राहीबिच तथा आफूहरूबिच भौतिक दूरी कायम गर्ने सम्बन्धमा,
२. हात धुने, स्यानिटाईजर प्रयोग गर्ने सम्बन्धमा,
३. प्रवेशस्थलमा र सेवा प्रदान गर्ने स्थानमा तापक्रम लिने र सो को रेकर्ड राख्ने सम्बन्धमा,
४. बाहिर तथा भित्रको परिसर, लाउन्ज, लबि आदि स्यानिटाईज तथा डिसईन्फेक्टेड गर्ने सम्बन्धमा,
५. कोठाहरू तथा हलहरू स्यानिटाईज तथा डिसईन्फेक्टेड गर्ने सम्बन्धमा,
६. खोक्ने, हाँच्छ्यू गर्ने तरिका र स्वास्थ्य अनुशासन पालना गर्ने सम्बन्धमा,
७. उपकरण, भाँडाकुडा तथा अन्य सरसामान सरसफाई गर्ने सम्बन्धमा, र
८. कोभिड-१९ को अवस्थामा अपनाउनु पर्ने अन्य स्वास्थ्य सुरक्षा सावधानी सम्बन्धमा,

४. व्यवस्थापकको जिम्मेवारी

क. नगद भुक्तानी भन्दा विद्युतीय प्रणाली वा कार्डद्वारा गर्ने भुक्तानीलाई प्राथमिकता दिनुपर्नेछ।
ख. भिडभाड कम गर्न सकेसम्म कर्मचारीको आलोपालोको व्यवस्था मिलाउनुपर्नेछ ।

५. कर्मचारी र व्यवस्थापकको कर्तव्यः स्वास्थ्य सुरक्षा विषयलाई संवेदनशील मानी यस मापदण्डबारे जानकारी राख्ने, तालिम दिने, लिने र पालना गर्नु गराउनु सम्बन्धित व्यवसायको व्यवस्थापक र कर्मचारीको कर्तव्य हुनेछ।

## परिच्छेद- ३
## स्वास्थ्य परिक्षण तथा सरसफाइ सम्बन्धी व्यवस्था

६. स्वास्थ्य परिक्षण

क. तापक्रम जाँचः व्यवसायस्थलमा प्रवेश गर्ने सबै कर्मचारी, सेवाग्राही, संचालक तथा आपूर्तिकर्ताको नियमित तापक्रम जाँच गर्नुपर्नेछ। साथै, जाँचको विवरण विद्युतीय प्रणाली वा रेकर्ड फाईलमा अभिलेखीकरण गर्नुपर्नेछ।प्रवेश गर्दा बाहेक भित्र रहेको अवस्थामा समेत आवश्यकता अनुसार तापक्रम जाँच गर्ने व्यवस्था गर्नुपर्नेछ।

ख. प्रवेश निषेधः रुघाखोकी, ज्वरो र स्वासप्रश्वासमा समस्या तथा कोभिड १९ सँग मिल्दो जुल्दो लक्षण भएका कर्मचारी, सेवाग्राही, संचालक तथा आपूर्तिकर्तालाई व्यवसायस्थलमा प्रवेश निषेध गर्नु पर्नेछ।

ग. प्राथमिक उपचार सामग्रीः व्यवसाय स्थलमा प्राथमिक उपचार सामाग्रीको व्यवस्था गर्नुपर्नेछ।

घ. कोरोना भाइरसको संक्रमित केस फेला परेमा नेपाल सरकारको स्वास्थ्य सुरक्षा मापदण्ड बमोजिम आइसोलेसन र उपचारको लागि पठाउनु पर्नेछ।कोरोना भाइरसको सम्भावित केसहरू पत्ता लगाउन कन्ट्याक्ट ट्रेसिंग गरानुपर्नेछ, आवश्यकता अनुसार क्वारेन्टाईनको

व्यवस्था गर्नुपर्नेछ र सो को जानकारी जिल्ला प्रशासन कार्यालय वा नजिकको सुरक्षा निकायमा गराउनु पर्नेछ।

ङ. व्यवसाय परिसरको विभिन्न ठाउँमा फ्लेक्स बोर्ड, सूचनापाटी वा डिस्प्ले बोर्ड राखी कोभिड १९ बाट बच्ने आवश्यक सुरक्षात्मक उपायबारे जानकारी प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

च. समय समयमा बोलेर अथवा श्रव्यदृश्य माध्यमबाट कोभिड १९ बारे सचेतनामूलक जानकारी दिइरहनु पर्नेछ।

७. व्यवसायको आन्तरिक तथा बाह्य परिसर सरसफाईः

क. दैनिक रूपमा बिहान र बेलुका व्यवसायको आन्तरिक तथा बाह्य परिसर डिसईन्फेक्ट गर्नुपर्नेछ साथै ग्राहकहरू बस्ने स्थान, कोठा आदिको कम्तीमा ४ / ४ घण्टाको फरकमा डिसईन्फेक्ट गर्नुपर्नेछ।

ख. सकेसम्म सरसफाई र सेनिटाईज गर्न सजिलो हुनेखालको टेबल वा कुर्सीको व्यवस्था गर्नुपर्नेछ। हात धुने स्थान र सेनिटाईजरको सहज पहुँच मिलाउनुपर्नेछ।

ग. शौचालय, रिसेप्सन तथा बारमा समयानुसार बारम्बार सफाई र सेनिटाइज गर्नुपर्नेछ।

घ. शौचालयमा धाराको पानी व्यवस्था गरेर साबुन तथा सेनिटाईजरको उपलब्धता सुनिश्चितता गर्नुपर्नेछ।

ङ. कार्पेट, भुई, पर्दा, टेबल तथा अन्यत्र प्रयोग भएका कपडाहरू नियमित धुने व्यवस्थाका लागि तालिका तयार पार्ने र सो को अनुगमन गर्नुपर्नेछ।

च. प्रवेशद्वारमा डोरम्याटमा खुट्टा तथा जुत्ता डिसईन्फेक्टेड गर्ने गरी स्पन्जको व्यवस्था गर्नुपर्नेछ।

छ. नियमित रुपमा भ्याकुम लगाउनुपर्नेछ। पर्याप्त मात्रामा हावा ओहोर दोहोर गर्ने गरी भेन्टिलेसनको व्यवस्था र झ्यालहरू खुला राख्नुपर्नेछ।

ज. इलेक्ट्रोनिक डिभाईसहरू धुनयोग्य कभरहरूले राख्नुपर्नेछ।

८. भौतिक दूरी सम्बन्धी व्यवस्था

क. नेपाल सरकारको स्वास्थ्य सुरक्षा मापदण्ड बमोजिम कम्तीमा १ मीटर भौतिक दूरी कायम हुने गरी प्रत्येक टेबुल, स्टेज वा यस्तै अन्य स्थानमा सामान्य क्षमताको बढीमा ५० प्रतिशत मानिसहरू मात्र रहने गरी व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

ख. भौतिक दूरी कायम गर्नका लागि उपयुक्त विधि बमोजिम टेबल कुर्सीहरूको सजावट र व्यवस्थापन गर्नुपर्नेछ।

ग. भौतिक दूरी कायम गर्ने सम्बन्धमा पालना गर्नुपर्ने नियम सबैले सहजै हेर्नसक्ने गरी सूचनापाटीमा टाँस्नुपर्नेछ।

घ. डान्सर र ग्राहकबीच न्यूनतम १ मीटरको भौतिक दूरी कायम गरेको हुनुपर्नेछ। डान्सरह अय व्यक्तिहरूसंग घुलमिल नहुने र सम्भव भएसम्म डान्सर कर्मचारीलाई साप्ताहिक पाल मिलाउनुपर्नेछ।

ङ. सम्भव भएको अवस्थामा फेस शिल्ड समेत लगाउने व्यवस्था गर्नुपर्नेछ।

८. सुरक्षाका अभ्यासहरू सम्बन्धी व्यवस्था

क) यस मापदण्डमा व्यवस्था गरिएका विषयमा आफनो व्यवसायभित्र नियमित अनुगमन गर्नुपर्नेछ।

ग. कर्मचारीले प्रत्येक पटक कार्यालय प्रवेश गर्दा, टेवल सरसफाई गरेपछि, प्रत्येक कारोबा गरेपछि र शौचालय गएपश्चात अनिवार्य रूपमा साबुनपानीले २० सेकेण्डसम्म हात धुनुपर्नेछ।

घ. लगायका कपडा तथा पोशाकहरू बेलाबेलामा सफा गरिरहनु पर्नेछ।

ङ. खोक्दा दुबै कुहिनाले वा मास्कले छेकेको हुनुपर्नेछ।

च. सरसफाई सम्बन्धी नियाम र तालिकाको कडाईका साथ पालना गर्नुपर्नेछ र  किचन, हल र सुरक्षा कर्मचारीले अनिवार्य रुपमा मास्क र फेसशिल्ड प्रयोग गर्नुपर्नेछ।

छ. सेवाग्राही सबैले खाना खाने समय बाहेक अन्य समयमा अनिवार्य मास्क प्रयोग गर्ने व्यवस्था गर्नु पर्नेछ।

९. कपडा तथा तौलिया र अन्य सामग्रीको सरसफाइ

क. कपडाहरूको हकमा उपयुक्त तातोपानीको सेटिङ्गको प्रयोग गरी सफा गर्नुपर्नेछ साथै कपडालाई राम्रोसँग सुकाउनु पर्नेछ।

ख. बिरामीहरूले प्रयोग गरेको फोहोर कपडालाई हातमा डिस्पोजेल ग्लोब्स लगाएर मात्र व्यवस्थापन गर्नुपर्नेछ।

ग. प्रयोग गरीने अन्य सामाग्री तथा कपडाहरू सफा र किटाणुरहित बनाउनुपर्नेछ।

घ. हल तथा स्टेजमा संचालनपूर्व डिसइन्फेक्सनको व्यवस्था मिलाउनु पर्नेछ ।

१०. स्टेज तथा डान्स फ्लोर सरसफाई

क. स्टेज तथा डान्स फ्लोर नियमित डिसइन्फेक्शन गर्नुपर्नेछ।

ख. स्टेज कर्मचारी (कलाकार)ले समयसमयमा सेनिटाइजरको प्रयोग गर्नुपर्नेछ।

ग. स्टेजमा प्रयोग हुने सम्पूर्ण वाद्यवादन उपकरणलाई डिसइन्फेक्सन गर्नुपर्नेछ।

घ. कलाकारले आफनो प्रस्तुति दिनुपूर्व र दिएपश्चात् अनिवार्य रुपमा मास्क प्रयोग गर्नुपर्नेछ।

ङ. सेवाग्राही ग्राहकहरूलाई स्टेजअगाडि भीडभाड नहुने अवस्था सिर्जना गर्नुपर्नेछ।

## परिच्छेद ४

### अनुगमन र दण्ड सजायँ

११. व्यवसाय सञ्चालन अनुमतिः यो मापदण्ड पूर्ण पालना हुने गरी डिसिसिएमसिले समय तोकेर, स्थान तोकेर वा अन्य कुनै व्यवस्था मिलाएर व्यवसाय संचालन गर्न अनुमति दिन सक्नेछ ।

१२. मापदण्डको अनुगमनः यस मापदण्डको पालना भए/नभएको सम्बन्धमा सम्बन्धित स्थानीय प्रशासनले अनुगमन गर्नेछ। अनुगमनको क्रममा यस मापदण्डको पूर्ण पालना नभएको पाइएमा अनुगमन गर्ने अधिकारीले मापदण्डको पालना गराउने, व्यवसाय बन्द गर्न आदेश दिने र प्रचलित कानून बमोजिम क्षतिपूर्ती भराउने गरी आदेश दिन सक्नेछ।

## परिच्छेद- ५

### बाधा अड्काउ फुकाउने अधिकार

१३. यो मापदण्ड कार्यान्वयन गर्न बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।